# ADDCN ई बुलेटिन

Association of District Development Committees of Nepal

जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 3 [Issue – 2] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2013 July-August {2070 Shrawan}


# "स्थानीय शासन तथा उत्तरदायी संयन्त्र"

# Local Governance and Accountability Facility (LGAF)




## स्थानीय शासन तथा उत्तरदायी संयन्त्र

**एक परिचय**

*२०७० साउन ७ गते काठमाण्डौं*

२०७० साउन ७ गते, जिल्ला विकास समिति महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाउँ विकास राष्ट्रिय महासंघ नेपालको संयुक्त आयोजनामा "स्थानीय शासन तथा उत्तरदायी संयन्त्र" Local Governance and Accountability Facility (LGAF) मा कार्यरत कर्मचारीहरुको विदाई कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम नेपाल नगरपालिका संघ का अध्यक्ष डोरमणी पौडेलको अध्यक्षता भएको थियो । कार्यक्रममा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक, स्थानीय विकास मन्त्रालयका सह-सचिव, उप-सचिव, स्थानीय निकायका संघ तथा महासंघका पदाधिकारीहरु, राष्ट्रिय समितिका अध्यक्ष लगायत सदस्यहरु र कर्मचारीहरुको उपस्थित रहेको थियो ।



जिविस महासंघ नेपालका केन्द्रीय सदस्य भरत बहादुर खड्काले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो र कार्यकारी महासचिव हेमराज लामिछानेले स्थानीय शासन तथा उत्तरदायी संयन्त्र कार्यक्रम सम्वन्धी संक्षिप्त परिचय पेश गर्नु भएको थियो ।

संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको सचिवालय बीच स्थानीय निकायका संघ तथा महासंघहरुका तर्फबाट जिल्ला विकास समिति महासंघ नेपालले कार्यान्वयन एजेन्सीका रुपमा मिति २०६९ आश्विनदेखि २०७० असार ३१ गते सम्म स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको कार्यक्रम संचालन गरेको सर्वविदितै छ । यो कार्यक्रम स्थानीय स्तरमा संचालन गर्न दुई चरणमा छनौट गरिएका १३३ वटा नागरिक समाजका संस्थाहरु मार्फत ७५ वटा जिल्लाका ५३८ गा.वि.स., १६ नगरपालिका र १४ वटा जि.वि.स.हरुमा कार्यक्रम संचालन गरिएको थियो । मुख्यत: यस कार्यक्रम अन्तरगत (१) स्थानीय निकायहरुको अनुदान खर्च पुनरावलोकन तथा समुदायको सल्लग्नता सर्वेक्षण (२) सार्वजनिक सुनुवाई तथा प्रतिवद्धता पालना अनुगमन र (३) स्थानीय विकास निर्माण तथा सेवाको समुदायमा आधारित अनुगमन गरी तीन वटा विषयगत क्षेत्रहरुमा स्थानीय निकायहरुको जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व सम्वन्धी सवालहरुको पहिचान गरी सार्वजनिक बहस तथा सुनवाई मार्फत

जनगुनासाहरुलाई सम्बोधन गर्ने प्रयास गरिएको थियो । यसक्रममा नागरिक समाजका संस्थाहरुले कुल ५६५ वटा सार्वजनिक सुनुवाई कार्यक्रमहरु सञ्चालन गरेका थिए । यस बखत स्थानीय निकायका जिम्मेबार पदाधिकारीहरुद्वारा कार्यक्रमले औल्याएका सवालहरुलाई भविश्यमा सुधार गर्दै लैजाने लिखित प्रतिवद्धताहरु व्यक्त गरिएको थियो । यस कार्यक्रम अन्तरगत कार्य क्षेत्र १ मा करिब रु. ३०१ लाख, कार्यक्षेत्र २ मा रु. २०८ लाख र कार्यक्षेत्र ३ मा रु. २९७ लाख गरी कुल ८०६ लाख रकम नागरिक समाजका संस्थाहरुलाई उनीहरुको सेवा वापत संघीय तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा उत्तरदायित्व संयन्त्रको सचिवालयले तीन किस्ता गरी उपलब्ध गराएको थियो ।

कार्यक्रम सञ्चालन गर्ने क्रममा राष्ट्रिय योजना आयोग, स्थानीय निकायका संघ तथा महासंघहरु, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, विकास साझेदार निकायहरु र नागरिक समाजको प्रतिनिधित्व रहेको राष्ट्रिय समिति (National Committee), क्षेत्रिय स्तरमा रहेको स्थानीय समितिहरु (Local Committees) र स्थानीय साशन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) क्लष्टर ईकाइ (Cluster Unit) हरुको महत्वपूर्ण सहयोग हामीलाई प्राप्त भएको थियो । स्वतन्त्र विज्ञ डा. प्रेम शर्माले राष्ट्रिय समितिको अध्यक्षको जिम्मेवारी लिई नेतृत्वदायी भूमिका निर्वाह गर्नु भएको छ । उहाँको सहयोग र नेतृत्वको यस अवसरमा हामीले स्मरण गर्न चाहन्छौं । कार्यक्रम सञ्चालन गर्ने क्रममा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सहसचिव श्री बोधराज निरौला र श्री गोपिकृष्ण खनाल तथा उपसचिव श्री पुरुषोत्तम नेपालले पुर्‍याउनु भएको सहयोगका लागि विशेष धन्यवाद दिन चाहन्छौं । यसैगरी सदस्य सचिवहरु श्री पशुपति पोखरेल र श्री रमेश के.सी.को सहयोगबाट छिटो र छरितो तरिकाले कार्यक्रम कार्यान्वयन गर्न सहज भएको कुरा व्यक्त गर्न चाहन्छौं । लेखा अधिकृत श्री सिताराम दुलालको सरल व्यवहारले बजेट निकासाको काममा निकै सहज भएको हाम्रो मूल्यांकन रहेको छ । त्यसै गरि नागरिक समाजका संस्थाहरुबाट स्थानीय स्तरमा संचालित कार्यक्रममा सम्बन्धित जिल्लाका स्थानीय विकास अधिकारी, कार्यकारी अधिकृत र गा.वि.स. सचिवहरुको सहयोग र समन्वयले कार्यक्रम संचालनमा सहज वातावरण बनेको थियो । यस अवसरमा सवै सरोकारवाला निकाय तथा पदाधिकारीहरुको सहयोगको उच्च मुल्याङ्कन गर्न चाहान्छौ ।

नागरिक समाजका संस्थाहरुको छनौट, उनीहरुको क्षमता विकास तालिम तथा अभिमुखीकरण, मध्यावधि समीक्षा र स्थलगत अनुगमन कार्यहरुमा स्थानीय निकायका संघ तथा महासंघहरुका पदाधिकारी र कार्यकारी प्रमुखहरुको सहयोगको पनि स्मरण गर्न चाहन्छौं । समग्रमा यो कार्यक्रम सफल पार्न आफ्नो पदीय जिम्मेवारीमा रही महत्वपूर्ण सहयोग गर्नु हुने निम्न कर्मचारी साथीहरुलाई यस अवसरमा विशेष धन्यवाद दिन चाहन्छौं ।

| | |
|---|---|
| १. श्री सतिशचन्द्र गुरुङ्, | कार्यक्रम प्रवन्धक |
| २. श्री अक्कल बहादुर शाह, | अनुगमन तथा मुल्याङ्कन विज्ञ |
| ३. श्री शिभराज जोशी, | कार्यक्रम अनुगमन अधिकृत (सुदुरपश्चिमाञ्चल) |
| ४. श्री श्रीधर सुवेदी, | कार्यक्रम अनुगमन अधिकृत (मध्यपश्चिमाञ्चल) |
| ५. श्री हरगोविन्द पाण्डे, | कार्यक्रम अनुगमन अधिकृत (पश्चिमाञ्चल) |
| ६. श्री दुर्लभ कुमार वोगटी, | कार्यक्रम अनुगमन अधिकृत (मध्यमाञ्चल) |
| ७. श्री कुम बहादुर गुरुङ्, | कार्यक्रम अनुगमन अधिकृत (पुर्वाञ्चल) |

साथै, जिविस महासंघ नेपालका तर्फबाट कार्यक्रममा सम्लग्न भै आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने निम्न कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

१. श्री राजु श्रेष्ठ, लेखा तथा प्रशासकिय अधिकृत
२. श्री राजेन्द्र श्रेष्ठ, कार्यक्रम एसोसियट
३. श्री मुकुन्द महर्जन र श्री दुर्गा महर्जन, चालक
४. श्री एक बहादुर गुरुङ्, सहयोगी कर्मचारी लगायत श्री दिनेश श्रेष्ठ र राजेन्द्र कार्की ।

यस कार्यक्रम सञ्चालन गर्ने नागरिक समाजका संस्थाहरुको छनौट प्रक्रियादेखि उनीहरुको क्षमता विकास तालिम उपलब्ध गराउने कार्यमा सक्रिय सहयोग गर्नु हुने श्री मनोज भट्टराई, श्री बिरेन्द्र प्रसाद पराजुली, श्री प्रकाष तिवारी र श्री सोविता परियारलाई विशेष धन्यावाद दिन चाहन्छौं ।

अन्त्यमा, स्थानीय निकायका संघ तथा महासंघहरुको नेतृत्वमा सञ्चालित यस कार्यक्रममा आआफ्नो क्षेत्रबाट सहयोग गरी कार्यक्रम सफल पार्न मद्धत गर्नु हुने सबै महानुभावहरुप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा समेत सबैबाट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास प्रकट गर्दै आजदेखि यस कार्यक्रमबाट विदा हुनु हुने सम्पूर्ण प्रोफेसनल साथीहरुको योगदानको उच्च कदर र मुल्याङ्कन गर्दै सुखद र सफल भविष्यको लागि शुभकामना व्यक्त गर्दछौं । धन्यवाद् ।

***हेमराज लामिछाने, कार्यकारी महासचिव, जिविस महासंघ नेपाल***

यसैगरी कर्मचारीहरुको तर्फबाट विराटनगरका Programme Monitoring Officer कुम गुरुङ्ले कर्मचारी छनौट प्रक्रिया र जिल्लाका सहयोगी गैससहरुको छनौटढिलो भएर काम सोचे अनुसार गर्न नसकेपनि सन्तुष्ट हुने ठाउँ छन् र तालिम र समय यथोचित हुन सके दिखि जिविस महासंघ लगायतका स्थानयि निकायका संघमहासंघहरुको भमिका झन् प्रभावकारी हुने थियो भन्नुभयो ।

गाविस राष्ट्रिय महासंघका सदस्य नवराज गेलालले कार्यक्रमका अनुभवहरुले भविष्यका लागि लाभ हुने, पारदर्शीतामा थप सुधार गर्न सके झन् प्रभावकारी हुने तथा यो कार्यक्रमलाई निरन्तरता दिइनु पर्ने बताउनु भयो ।

नेपाल नगरपालिका संघका विदुर मैनालीले तेश्रो पक्ष अनुगमन कार्यान्वयन गर्ने तथा नीति निर्माण गर्ने निकाय मन्त्रालय आफैले गर्न नहुने र मन्त्रालयले स्थानीय निकायका संघहासंघहरुको भूमिका झँझ थप प्रष्ट पारी अवसर दिने आसा व्यक्त गर्नु भयो ।

जिविस महासंघ नेपालका केन्द्रीय सदस्य माधव पौडेलले संघहासंघहरुको अनुभव र मन्त्रालयसंगको सम्वन्ध झने गहिरो बनाउनमा कार्यक्रमले थप मदत गरेको बिचार राख्नु भयो ।

विष्णु पुकार श्रेष्ठले स्थानीय शासन उत्तरदायित्व संयन्त्र जुनसुकै स्वरुपमा भएपनि नागरिक समाजबाट नै हुनेछ, जिविस महासंघको नेतृत्वमा स्थानीय निकायका संघ महासंघहरुले यति छोटो समयमा पनि प्रभावकारी काम गर्नु भएको छ तर राजनीतिक संस्थाहरुमा कत्तिको असर पर्ला भन्ने र मन्त्रालय बन्य तरिकाबाट गराउने कि भन्ने पनि छलफल भैरहेको बताउनु भयो । उँहाले नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चले सकारात्मक प्रभाव परेको, मन्त्रालयले स्रोत आकर्षण तथा परिचालन, अनुगमनको जिम्मा गैससहरुलाई पहिलो पटक दिइएकोमा विकासका साझेदारहरु पनि सन्तुष्ट रहेकोले यो विषय अत्यन्तसह्राहनीय छ भन्नुभयो ।

LGAF का अध्यक्ष डा. प्रेम शर्माले करिव ५ महिनाको कामको छुट्टै अनुभव भएको छ तर कार्यक्रम कसरी गर्ने भन्ने छलफल भईरहनु खतराको चिन्ह हो, सानो आकारको कर्मचारीको सचिवालयले अत्यन्त प्रभावकारी भूमिका निभाएको र आगामी दिनमा तीनवटै क्षेत्र एउटै गैससलाई दिइंदा पनि ठीक हुने भन्ने बिचार राख्नु भएको थियो ।

डानिडा का कार्यक्रम अधिकृत सरोज नेपालले स्थानीय सरकार तहमा निर्वाचन नभएर जनप्रनिधिविहीन अवस्थामा पनि कार्यक्र प्रभावकारी रहँदा खुशी व्यक्त गर्दै कार्यक्रमको संरचनाबारे मन्त्रालय र विकास साझेदारहरु बीच छलफल भैरहेको र डानिडा सधैं संघमहासंघहरुको भूमिकाबाट प्रभावित रहेको र आगामि दिनहरुमा पनि थप क्रियाशीलता र स्थानीय निर्वाचन सहितको अपेक्षा गर्दछ भन्नुभयो ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय का उप-सचिव पुरुषोत्तम नेपालले प्रतिवेदन छिटो तयार गरेर एक प्रति प्राप्त भए देखि मन्त्रालयलाई टिप्पणी गर्न सजिलो हुने थियो भन्दै आफुले अनुगमन गरी बुझेसम्म छोटो अवधिमा नै जुन अपेक्षा गरेर जिविस महासंघ लगायत

स्थानीय निकायका महासंघहरुलाई जिम्मा दिइएको थियो सो पुरा भएको जस्तो लाग्छ भन्नुभयो । उहाँले दोश्रो चरणको कार्यक्रममा पनि संयन्त्रको प्रावधान छ र कसरी जाने भन्ने छलफल भैरहेको र अर्थ मन्त्रालयसंग सम्झौता भैसकको छ भन्नुभयो । जिल्ला, नगरपालिका, गाविस तथा वडाहरुमा गरिएका कार्यक्रहरु प्रभावकारी रहेको,

नेपाल नगरपालिका संघका अध्यक्ष डोरमणी पौडेलले कार्यक्रमको समापन गर्दै समय छोटो र पर्न सक्ने प्रभावबारे सूचित भएर पनि अवसरको रुपमा सुंक्त रुपमा काम गर्ने सहमति गरिएको थियो तर अहिले कस्तो संरचना बनाई काम गर्ने भन्ने कुराले आफुलाई नमिठो लागेको असभव्यक्ति दिनुभयो । निर्देशिका तयार गर्ने तथा कार्यक्रमको मूल्यांकन गर्ने जस्ता कार्य गरेर मात्र अन्य नयाँ संरचनाबारे साचिनु पर्ने सुझाव दिनुभयो । साथै स्थानीय निकायका संघमहासंघहरुको आफ्नै काम भएकोले जिम्मा दिइंदा नै प्रभावकारी काम हुने र वर्तमान सानो टिमले पनि छोटो समयमा यसरी काम गर्न सक्नु अत्यन्त सकारात्मक रहेको र अध्यक्ष। संयोजक, टिम लिडर सहित सबै अधिकृत र सहकार्य गर्ने संस्थाहरु सबै धन्यवादका पात्र रहेको बिचार राख्नु भएको थियो । कार्यक्र समापनको अवसरमा उहाँले LGAF कार्यरत कर्मचारीहरुलाई विदाई तथा उज्वल भविष्यको कामना समेत गर्नु भएको थियो ।

# जिविस महासंघ नेपालद्वारा नागरिक समाजका संस्थाहरुको अनुगमन

*अक्कल बहादु शाह*

**पृष्ठभूमिः**

बर्तमान निर्वाचित पदाधिकारी विहिन स्थानीय निकायहरुको सुशासन प्रवर्धनका लागि शासन प्रक्रियामा स्थानीय स्तरदेखि नै नागरिकहरुको संलग्नतामा जोड दिदै नागरिकहरुको बढी भन्दा बढी सहभागिता प्रबर्द्धन गर्नु र स्थानीय निकायद्वारा प्रदान गरिने बस्तु, सेवा र सुविधाहरुमा उनीहरुको अधिकतम् पहुँच अभिबृद्धि गराउन समावेशी, सहभागितामुलक र समतामुलक विकास प्रक्रियाद्वारा स्थानीय निकायलाई नागरिक प्रति बढी भन्दा बढी उत्तरदायी बनाउनु र नागरिकहरुको क्षमता अभिबृद्धि गरी शासन प्रक्रियामा सकिय रुपमा सहभागि गराउन सहयोग पुऱ्याउनु आजको टड्कारो आवश्यकता रहेको छ ।

माथि उल्लेखित अवस्थालाई मध्येनजर गर्दै सरकारद्वारा जारी विभिन्न ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि,निर्देशन, परिपत्र र विभिन्न मितिका आदेशहरुको अधिकतम पालन गरी प्राप्त अनुदान, बस्तु, सेवा र सुविधालाई नागरिकको हित अनुकुल परिचालन गरी स्थानीय सुशासन प्रक्रियामा जनता तथा स्थानीय सरकार बीचको सकरात्मक सहकार्य तथा सम्बन्धलाई जोड दिदै स्थानीय शासनको सुदृढिकरणमा टेवा दिने उद्देश्यका साथ देशका ७५ वटै जिल्लाहरुमा स्थानीय नागरिक समाजका संस्था (Civil Service Organization-CSO) हरु मार्फत सामाजिक उत्तरदायित्व अभिवृद्धिमा कियाकलाप सहजिकरणका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत विगत २ वर्ष देखि **स्थानीय शासन तथा उत्तरदायी संयन्त्र (Local Governance & Accountability Facility-LGAF)** परियोजना यस आ.व. २०६९/७० मा तिन वटै संघ/महासंघको प्रर्तिनिधिको रुपमा जिल्ला विकास समिति महासंघले कार्यान्वयन गर्दै आएको छ ।

LGAF परियोजनाको कार्यान्वयन गर्न देश भरिका ७५ वटै जिल्लाहरुमा यस आ.ब.को कार्यक्मका लागि छनौट चरणमा सफल भएका १३३ वटा नागरिक समाजका सस्थाहरु मार्फत ३ वटा विषयगत क्षेत्रका कियाकलाप संचालन भईरहेको छ । नागरिक समाजका सस्थाहरुले सम्झौता अनुसार आ-आफ्नो प्रस्तावित भौगोलिक कार्यक्षेत्रहरुमा कार्यक्रम सुचारु रुपले संचालन गरी रहेको छन् । कार्यक्रम कार्यान्वयनको क्रममा सस्थाहरुले सम्पन्न गरेको कियाकलाप, भोगेका समस्या तथा आगामी दिनका लागि तय गरेको कार्ययोजना र संचालन हुने कियाकलापहरुका विषयमा सम्वन्धित जिल्लाका स्थानीय निकायका प्रतिनिधि, LGAF परियोजना संचालनका लागि छनौट भएका सस्थाका पदाधिकारी तथा कर्मचारीहरुसंगको सयुक्त छलफल तथा समिक्षाका साथै कार्यक्षेत्रको स्थलगत अवलोकन गर्ने क्रममा देश भरिकै ५१ जिल्लाका १०३ नागरिक समाजका संस्थाहरुको कार्य सम्पन्न गरिएको छ ।

## १. अनुगमन भ्रमणको उद्देश्यः

LGAF कार्यक्रमका संचालन गरिरहेका CSO हरुले कार्यक्षेत्रमा सम्पादन गरेका क्रियाकलापहरुको समिक्षा, भोगेका समस्याहरुको बारेमा छलफल तथा आगामी दिनमा कार्यक्रमलाई सुचारु एवं प्रभावकारी रुपमा अगाडी बढाउनका लागि स्थानीय निकायका प्रतिनिधि, CSOs का पदाधिकारी तथा परियोजना अन्तर्गतका कर्मचारीहरुसंगको समिक्षा बैठक तथा कार्यक्रम संचालित क्षेत्रको स्थलगत अनुगमनका साथै सवल पक्षहरुलाई निरन्तरता दिने र कमजोर पक्षहरुको सुधारका लागि पृष्ठपोषण दिनु यस अनुगमन भ्रमण कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

## २. अनुगमन भ्रमणको समयावधिः

अनुगमन कार्यका लागि एल.जि.ए.एफ. राष्ट्रिय समितिको सहमतीमा एल.जि.ए.एफ. कार्यान्वयन निकाय व्यवस्थापन समितिले एक महिना १५ दिनको कार्ययोजना तयार उक्त अनुगमन कार्य मिति **२०७० बैशाख २० गते देखि असारको ११** गते सम्मको अवधिमा योजना अनुसार प्रस्तावित जिल्लाहरुमा पुगि सम्बन्धित जिल्लमा कार्यक्रम संचालन गरिरहेका नागरिक समाजका संस्थाहरु तथा कार्यक्रम संचालित कार्यक्षेत्रको अनुगमन कार्य सम्पादन गरिएको छ ।

## ३. अनुगमन सदस्यहरुः

यस अनुगमन कार्यका कम्तीमा १ जना देखि अधिकतम् ५ जना सदस्य रहेका टोलीहरु फिल्डमा खटि अनुगमन कार्य सम्पन्न गरिएको छ । कार्यक्रमको अनुगमन टोलीमा मुख्य गरि एल.जि.ए.एफ. स्थानीय समितिका सदस्यहरु, एल.जि.ए.एफ. राष्ट्रिय समितिका सदस्यहरु, तिन वटै स्थानीय निकाय संघ/महासंघका कार्यसमिति पदाधिकारी एवं कार्यकारीहरु, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका क्लष्टर संयोजकहरु, संघिय मामीला तथा स्थानीय विकास मन्त्रालयका बरिष्ट कर्मचारीहरु र कार्यक्रम कार्यान्वयन निकायका यस परियोजनामा संलग्न कर्मचारीहरुको संलग्नता रहेको थियो ।

## ४. अनुगमन गरिएका जिल्ला तथा नागरिक समाजका संस्थाहरु

प्रस्तावित उद्देश्य अनुसार अनुगमन भ्रमणका लागि देश भरका ५१ पजिल्लामा कार्यरत १०३ नागरिक समाजका संस्थाहरुले संचालित क्रियाकलापहरुको अनुगमन कार्य सम्पन्न गरिएको थियो भने अनुगमनका क्रममा तपसिल अनुसारका सरोकारवालाहरुसंग भेटी अन्तरक्रिया गरिएको थियो ।

| विकासक्षेत्र | हिमाल | | पहाड | | तराई | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | संस्था | जिल्ला | संस्था | जिल्ला | संस्था | जिल्ला | संस्था |
| पुर्वाञ्चल | १ | ३ | ४ | ८ | ५ | १० | १० | २१ |
| मध्यमाञ्चल | ० | ० | ४ | ८ | ८ | २० | १२ | २८ |
| पश्चिमाञ्चल | ० | ० | ८ | १३ | ३ | ४ | ११ | १७ |
| मध्यपश्चिमाञ्चल | २ | ३ | ५ | १२ | ३ | ६ | १० | २१ |
| सुदुरपश्चिमाञ्चल | २ | ४ | ४ | ७ | २ | ५ | ८ | १६ |
| कुलजम्मा | ५ | १० | २५ | ४८ | २१ | ४५ | ५१ | १०३ |

## ५. अनुगमनका क्रममा अवलम्बन गरिएका विधिहरु:

कार्यक्रम अनुगमनका लागि भ्रमण गरिएका जिल्लाहरुमा LGAF परियोजनाको कार्यक्रम संचालन गरिरहेका Local Bodies, CSOs तथा समुदायसंगको समिक्षा बैठक एवं अनुगमनका क्रममा तपसिल अनुसारका विधिहरु अवलम्बन गरी सहजिकरण, पृष्ठपोषण तथा आवश्यक जानकारीहरु हासिल गरिएको थियो ।

### क. अभिलेखहरुको अध्ययन:

अभिलेख अध्ययन गर्ने क्रममा नागरिक समाजका सस्थाहरुले सम्पन्न गरेका क्रियाकलापहरुसंग सम्बन्धित प्रतिवेदन, विभिन्न क्रियाकलापहरुका उपस्थितीहरु, बेसलाईन तथ्यांक संकलन गरिएका फाराम र CSOs हरुले प्रयोग गरी संकलन गरेका Exit Poll, Citizen Report Card हरुको नतिजाको अवलोकन तथा अध्ययन गरी सस्थाका पदाधिकारी तथा कर्मचारीहरुसंग विभिन्न सवालहरुमा छलफल गरिएको थियो भने Citizen Report Card हरुमा रहेका केहि सवालहरुका विषयमा कर्मचारी तथा सस्थाका पदाधिकारीसंग विषयवस्तुको गम्भिरता, सहि सुचना संकलनको आवश्यकता, महत्व, आधिकारिकता तथा विश्लेषण, सरोकारवालासंग गर्नु पर्ने पुर्व छलफल र सार्वजनिक बहस कार्यक्रम संचालनका बारेमा व्यापक छलफल गरिएको थियो ।

### ख. CSOs संग समूह छलफल:

LGAF कार्यक्रम अन्तर्गतका विभिन्न सवालहरुमा सामुहिक छलफल गर्नका लागि स्थानीय निकाय, जिविस र नगरपालिकाका प्रतिनिधि, CSO हरुका कार्यसमितिका पदाधिकारी तथा LGAF परियोजना अन्तर्गतका कर्मचारीहरुसंग छुट्टाछुट्टै स्थानीय निकायको कार्यालय र CSO को कार्यालयमा छलफल गरिएको थियो । उक्त छलफलमा कार्यक्रमको प्रगती, कार्यक्रम संचालनका क्रममा CSO ले भोगेका समस्या र समाधानका लागि अपनाएका उपाय, कार्यान्वयन निकायले गरेका सहजिकरणका प्रयास, CSO को विद्यमान आन्तरिक शुसासन तथा पारदर्शिता र कार्यक्रम कार्यान्वयनका क्रममा पत्ता लागेका सवालहरुमा विस्तृत छलफल गरिएको थियो ।

### ग. सस्था तथा कार्यक्षेत्रको स्थलगत अवलोकन M

अनुगमन भ्रमणको उद्देश्यानुसार विषयवस्तुको अधिक जानकारी हासिल गर्नका लागि स्थानीय निकायहरुको जबाफदेहिता, CSO हरुको आन्तरिक शुसासन, व्यवस्थापकीय पक्ष, लेखा व्यवस्थापनको तौर तरिका, कर्मचारी व्यवस्थापन तथा परिचालन पद्धती, आर्थिक अनुशासनका लागि अपनाईएका विधिहरुको संस्थागत तथा भौतिक अवस्थिति, अभिलेखहरुको प्रत्यक्ष अवलोकनका साथै CSO ले क्रियाकलाप संचालन गरिरहेको कार्यक्षेत्रमा गई समुदायसंग अन्तरक्रियाका साथै स्थलगत अवलोकन गरी योजनाको निर्माण गर्दा निर्देशिकामा उल्लेख भए बमोजिमका निति, नियम, अवलम्बन गरिएका प्रक्रियाहरुको समिक्षा गर्नुका साथै आगामी दिनमा योजनाको प्रभावकारी कार्यान्वयनका लागि निर्देशिकामा उल्लेख भएका प्रकियाहरुको पालना गर्न र समुदायको प्रत्यक्ष संलग्नता गराउनका लागि पृष्ठपोषण दिईएको थियो ।

## ६. अनुगमनका क्रममा CSOs संग छलफल गरिएका मुख्य विषयवस्तुहरु:

अनुगमन भ्रमणको क्रममा LGAF परियोजनाको क्रियाकलापहरु संचालनका लागि छनौट भएका CSO हरुसंग मुख्य गरी निम्न विषयवस्तुहरुमा केन्द्रित भई समिक्षा बैठकमा छलफल र स्थलगत अनुगमन गरिएको थियो । जसमा परियोजनाको क्रियाकलाप संचालनमा भएका प्रगति, आई परेका समस्या तथा भावि कार्ययोजनाको विषयमा व्यापक रुपमा छलफल गरिएको थियो ।

- LGAF कार्यक्रम अन्तर्गतका CSOs हरुले हाल सम्म हासिल गरेका मुख्य उपलब्धीहरुको संक्षिप्त रुपमा प्रस्तुतिकरण र छलफल ।
- कार्यक्रम कार्यान्वयन गर्दा CSOs हरुले भोगेका मुख्य समस्याहरुको विषयमा छलफल ।
- CSO हरुले आगामी दिनमा परियोजनालाई प्रभावकारी रुपमा संचालन गर्नका लागि सुधार गर्नु पर्ने पक्षहरुमा समिक्षा ।
- कार्यक्रम संचालन गर्ने क्रममा स्थानीय स्तर तथा जिल्ला स्तरमा आईपरेका समस्याको बारेमा समिक्षा ।
- परियोजनाको क्रियाकलाप अगाडी बढाउने क्रममा जिल्ला तथा गाविस स्तरमा स्थानीय निकायका पदाधिकारीहरुद्धारा गरिएको सहयोगको समिक्षा ।
- परियोजनाका क्रियाकलापहरु सम्पन्न भईसके पछि अनिवार्य रुपमा अध्यावधिक गर्नु पर्ने अभिलेखहरुको बारेमा छलफल ।
- सस्थाको आन्तरिक सुशासनलाई कसरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा छलफल ।
- नेपाल सरकारद्धारा स्थानीय निकायमा सुशासन, पारदर्शिता उत्तरदायित्व र जबाफदेहिता अभिबृद्धिका लागि जारी गरिएका ऐन, नियम, नियमावली, परिपत्र तथा विभिन्न आदेशहरुको बारेमा छलफल तथा सहजिकरण ।
- LGAF परियोजनाका क्रियाकलाप संचालन गरिरहेका CSOs हरुले स्थानीय स्तरका कार्य सम्पादन गर्दा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्, र सामाजिक परिचालनकसंग स्थापना गर्नु पर्ने सम्बन्ध र LGAF कार्यक्रममा उनीहरुको संलग्नता र भूमिकाबारे छलफल ।
- संस्थाले पेश गर्ने अन्तिम प्रतिवेदन खाकामा छलफल तथा सहजीकरण ।
- परियोजनाको कार्य योजना अनुसार काम अगाडी बढे नबढेको बारे छलफल तथा कार्यान्वयनका लागि सहजीकरण ।

## ७. अनुगमनका क्रममा CSO हरुमा पाईएका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष र सुधारका लागि दिईएका सुझावहरु:

अनुगमनका क्रममा भ्रमण गरिएका सर्लाही, सिन्धुली र रौतहट जिल्लाका Local Bodie/LSP/CSO हरुसंगको समिक्षा बैठक तथा अनुगमनको क्रममा उनीहरुका निम्नानुसारका सवल पक्षहरु पाईएको थियो र सवल पक्षहरु निरन्तरता दिदै कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि थप सुझाव गरिएको थियो ।

| सवल पक्षहरु | सुधारका लागि सुझाव |
|---|---|
| • LGAF परियोजनाका लागि कर्मचारीहरु सबै जना नियुक्ति गरी परिचालन गरेको र एकै व्यक्तिलाई दोहोरो कामको जिम्मेवारी नदिएको ।<br>• जिल्ला तथा गाउँ स्तरमा समन्वयात्मक रुपले कार्यक्रम संचालन गरिरहेको ।<br>• कार्यक्रमसंग सम्बन्धित हरेक विषयवस्तुहरुको अभिलेखिकरण गर्ने गरेको ।<br>• स्थानीय निकायद्धारा प्रदान गरिने वस्तु, सेवा र सुविधाहरुको बारेमा नागरिकहरुलाई सुसुचित गर्नका लागि स्थानीय संचार माध्यमहरु मार्फत चेतना अभिबृद्धि गराईरहेको ।<br>• प्रतिवेदन तोकिएको ढांचा तथा आवश्यक कागजात सहित निर्धारित समयमै पेश गरेको र सस्थामा अभिलेखिकरण गरेको ।<br>• योजना अवधिमा सम्पन्न गर्नु पर्ने कियाकलाप सम्पन्न गर्नुका साथै निर्धारित कार्ययोजना अनुसार कियाकलापहरुलाई अगाडी बढाईरहेको ।<br>• कार्यक्रम प्रति सस्थाका पदाधिकारी तथा कर्मचारीहरु एकदमै सकारात्मक तथा प्रभावकारी कार्यान्वयनमा प्रतिवद्ध देखिएको ।<br>• परियोजना अन्तर्गतको कियाकलाप निर्धारित क्षेत्रमा सुचारु रुपले संचालन गरिरहेका ।<br>• कार्यक्षेत्रमा नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च र सामाजिक परिचालकको सहयोग लिई कियाकलापहरु संचालन गरिरहेको ।<br>• Exit Poll, Citizen Report Card को प्रयोग गरी संकलन गरिएको सुचनालाई विश्लेषण गरी सरोकारवाला निकायका प्रतिनिधिहरुसंग छलफल गर्ने तयारी गरेको । | • केहि सस्थाहरुको आन्तरिक सुशासन कमजोर रहेको र केहि सस्थाहरुले लेखा व्यवस्थापनका लागि छुट्टै जनशक्ति परिचालन नगरेको हुंदा सस्थाको आन्तरिक सुशासनलाई सबल बनाउनका लागि सस्थामा समिक्षा तथा सुशासन अभिबृद्धि गर्ने खालका अभ्यास गर्नु पर्ने ।<br>• केहि सस्थाको कार्य समितिकै पदाधिकारी कार्यक्रमको कर्मचारीका रुपमा परिचालित भएको पाईएकाले सस्थाको कार्यकारिणी पदाधिकारी र कर्मचारीको रुपमा एकै व्यक्ति परिचालित हुनु एक सुशासित सस्थाको सुचक नभएकोले अनिवार्य रुपमा कार्यकारी पदाधिकारी र कर्मचारीहरु छुट्टाछुटै व्यक्ति परिचालन हुनु पर्ने ।<br>• केहि ना.स.स.हरुले कार्यक्रमका लागि योजनाहरुको छनौट गर्न निकै लामो समय लगाएकोले कार्ययोजना अनुसार काम ढिलो भएकोमा आगामी दिनमा योजना छनौट गर्दा पुर्व छलफल, स्वकिृती, र प्रस्ताव गरिने योजनाको विषयमा विस्तृत जानकारी पहिले नै लिनु पर्ने ।<br>• Exit Poll, Citizen Report Card को प्रयोग गरी सुचना संकलन गर्दा विषयवस्तुको गम्भिरता तथा वास्तविक अवस्था अनुसारको जानकारी संकलन गर्न प्रश्नावली, उत्तरदाताले दिने उत्तर र स्थानीय अवस्थाको बारेमा सुचना संकलनकर्ता एकदमै होसियार भई जानकारी संकलन गर्नु पर्ने ।<br>• आयोजनाको स्थलगत अवलोकन गर्दा नागरिक संलग्नतामा जोड दिनु पर्ने साथै योजनासंग सम्वन्धित कागजात तथा तथ्या□हरु कार्याक्रम कार्यान्वयन चरणको शुरुवातमा नै संगकलन गरि अध्ययन गरिनु पर्ने ।<br>• कार्यक्षेत्रमा विभिन्न कियाकलापहरु संचालन गर्दा बजेट योजनामा प्रस्ताब गरेको शिर्षक अनुसार नै बजेट खर्च गरि कार्यक्रम संचालन गर्नु पर्ने ।<br>• कर्मचारीहरुले योजनासंग सम्बन्धित विषयबस्तुहरुको बारेमा विभिन्न चरणका साना समूह छलफल गर्दा समुदायहरुसंगको छलफलमा योजना संचालनका प्रकिया, निति नियम सम्बन्धि जिज्ञासाको जबाफ दिन समुदायलाई एकदमै असजिलो भएकोले विषयवस्तु बारे पटक पटक समूहमा छलफल गराइ समुदायलाई सुसुचित गराउन सहजिकरण गर्नु पर्ने ।<br>• एल.जि.ए.एफ. परियोजना अर्न्तगत समेटिएका स्थानीय निकाय तथा स्थानीय निकायद्धारा संचालित आयोजनाको अध्ययन अनुगमनमा देखिएका तत्काल सुधार गर्न सकिने सवालहरुलाई सुधारका लागि पहल गरिनु पर्ने नकि सार्वजनिक वहश/सुनवाई सम्म पर्खिने वातावरणको सिर्जना गर्ने ।<br>• गाविसहरुमा कार्य संचालन गर्दा स्थानीय निकायसंग आफुहरु सहयोगीको रुपमा कार्यक्रम संचालन गर्नका लागि आएको कुरा प्रस्ट्याउन स्थानीय निकायको हरेक कुरा नकारात्मक मात्र नहेरी सकारात्मक कुराहरुको समेत अध्ययन गरी अभिलेखिकरण गर्नु पर्ने ।<br>• कार्यक्षेत्रमा कियाकलापहरु संचालन गर्दा सम्बन्धित गाविसका सामाजिक परिचालक, नागरिक सचेतना केन्द्र र वडा नागरिक मञ्चको अधिकतम् सहयोगलिई कियाकलापहरु संचालनगर्ने । |

## ८. मुख्य सिफारिश:

अनुगमन भ्रमणका कममा CSO का पदाधिकारी तथा परियोजना अन्तर्गतका कर्मचारीहरुसंग समिक्षा बैठक सम्पन्न गरी माथि उल्लेख भए अनुसारका विषय वस्तुहरुमा व्यापक छलफल गरियो । आगामी दिनमा LGAF कार्यक्रमलाई अझै प्रभावकारी ढंगले अगाढी बढाउनका लागि दातृ निकाय, कार्यक्रम कार्यान्वयन निकाय तथा क्षेत्रीय कार्यालय र नागरिक समाजका सस्थाहरुको तर्फबाट निम्न पक्षहरुलाई ध्यान दिएको खण्डमा CSO को प्रभावकारी परिचालनका साथै स्थानीय निकायले प्रदान गर्ने बस्तु, सेवा र सुविधा तथा नागरिकको चेतना स्तरमा बृद्धि भई सुशासन, पारदर्शिता, जबाफदेहिता तथा उत्तरदायित्व अभिबृद्धि भई LGAF परियोजनाको उद्देश्य प्राप्तिमा महत्वपूर्ण भूमिका रहने छ ।

- एल.जि.ए.एफ. कार्यान्वयन निकायद्धारा सामाजिक उत्तरदायित्व अभिबृद्धि सम्बन्धी संचालन गरिने क्षमता विकास कार्यक्रममा सहभागी कर्मचारीहरुलाई मात्र नभई संस्थाका प्रतिनिधिहरु समेतको क्षमता विकासका लागि पहल गरिने हो भने कार्यक्रमको दिगोपना र प्रभावकारिताको सम्भावना छ ।
- कार्यक्रम संचालन गरिरहेको ना.स.स हरुले संचालन गरेको कियाकलापहरुको प्रभावकारिता मूल्यांकनका लागि निरन्तर फिल्ड अनुगमन गरिनु पर्ने ।
- कार्यक्रमलाई हरेक आर्थिक वर्षको शुरुवातमा नै संचालनका लागि पहल गर्नु पर्ने ।
- स्थानीय निकायको सुशासन र उत्तरदायित्व कार्यान्वयनको अध्ययन गर्न छनौट गरिने ना.स.स हरुको सस्थागत अवस्था, आन्तरिक सुशासनको अवस्था र सवल ना.स.स. को बारेमा विस्तृत जानकारी हुने खालका सुचकाङ्ग तयार गरी ना.स.स. छनौट गर्नु पर्ने जसले गर्दा अनुभवी, सुशासित, सवल र विश्वासिला ना.स.स. को छनौट भई प्रभावकारी कार्य सम्पादनमा सहजता आउने छ ।
- स्थानीय स्तरमा गठित वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका पदाधिकारी तथा सदस्यहरुलाई बढी भन्दा बढी कार्यक्रममा सहभागि गराउन पहल गरिनु पर्ने ।

# विकेन्द्रीकरण सहयोग समाजद्वारा धनकुटामा २०७० साल साउन २० गते आयोजना गरिएको संविधानसभाको निर्वाचन र स्थानीय सरकार विषयक कार्यशाला गोष्ठीले पारित गरेको

## धनकुटा घोषण पत्र

क्षेत्रीय अन्तरक्रिया कार्यशालामा प्रमुख अतिथि, अतिथि र सहभागीहरुबाट प्राप्त सुझावका आधारमा निम्नानुसार ***धनकुटा घोषणपत्र*** जारी गरिएको छ । ने.क.पा. एमालेका नेता तथा पूर्व अर्थमन्त्री श्री सुरेन्द्र पाण्डे कार्यक्रममा प्रमुख अतिथि हुनुहुन्थ्यो ।




१. पहिलो संविधानसभाले नेपाली जनतालाई संविधान दिन नसकेको विषयको समिक्षा गर्दै दोश्रो संविधानसभाले नेपाली जनतालाई संविधान दिन सक्ने सुनिश्चिता गर्न राजनीतिक दलहरुमा सन्देश पुऱ्याउन धनकुटावासीहरुका तर्फबाट हार्दिक अनुरोध गर्ने सहमति गरियो ।

२. लामो समयदेखी स्थानीय निकायको निर्वाचन नहुँदा लोकतन्त्रको जग कमजोर मात्रै नभई स्थानीय नेतृत्व विकासमा समेत नकारात्मक प्रभाव परेको हुँदा सहमति कायम गरी २०७० साल भित्रमा स्थानीय निकायको निर्वाचन गर्न राजनीतिकदलहरुसँग जोड्दार माग गर्ने निर्णय गरियो ।

३. महिला, आदिवासी, जनजाती, मधेशी, पिछडिएका वर्ग सबैको समान सहभागिता सुनिश्चित हुने गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा संशोधन गरेर मात्र स्थानीय निकायको निर्वाचन गरिनु पर्छ ।

४. राज्य पुनर्संरचना गर्दा गाँउपालिका र नगरपालिकाहरुलाई समन्वय गर्ने, सहजीकरण गर्ने, क्षमता विकासका क्षेत्रका सहयोग गर्ने जस्ता जिम्मेवारीहरु गरी जिल्लातहको सरकारको रुपमा जिल्ला समन्वय समित सहितको स्थानीय सरकारको संवैधानिक व्यवस्था गरिनु पर्छ ।

५. वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन प्रक्रियामा गैरसरकारी संघ संस्थाहरुले सबै दलहरुको सहमति आर्जन गर्न नसकेका कारणले समाधान भन्दा पनि समस्या सिर्जना गरेकोले गठन गरिएका मञ्च र केन्द्रहरुको विकल्पको रुपमा पनि स्थानीय निकायहरुको निर्वाचन गर्न आवश्यक भएको छ ।

उक्त कार्यक्रममा जिविस महासंघ नेपालका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले **“संघीयतामा स्थानीय सरकार र स्थानीय निर्वाचन”** विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

---

# स्थानीय निकाय केन्द्रीय समन्वय समितिका गतिविधिहरु

स्थानीय निकायको निर्वाचन नभएका १६ वर्ष र स्थानीय निकायहरु जनप्रतिनिधिविहीन भएका ११ वर्ष पुगेछ । स्थानीय निकायका संघ महासंघहरुले २०५४ सालमा प्रजातन्त्र पुनःस्थापना पछिको दोश्रो स्थानीय निकाय निर्वाचनको ५ वर्षको अवधि समाप्त हुनु अगावै स्थानीय निर्वाचनको लागि अपिल गरेका थिए । त्यतिबेला नेकपा माओवादीको सशस्त्र द्वन्दको कारण देखाई स्थानीय निर्वाचन गरिएन तर तत्कालिन सरकारले संसदीय निर्वाचनको घोषणा भने गऱ्यो । परिणामस्वरुप न त संसदीय निर्वाचन भयो न त स्थानीय निकायहरु नै जीवित राख्न सकियो । स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार सरकार र राजनीतिक दलहरुले चाहेको भए निर्वाचित जनप्रतिनिधिहरुको एक वर्षका लागि अवधि थप गर्न सकिने भएर पनि पार्टी स्वार्थका कारण थपिएन । एक वर्ष अवधि थप गरेको भए माओवादीको प्रहारको निशाना सबभन्दा बढी स्थानीय निकायमा विजय प्राप्त गर्ने नेकपा (एमाले) नै हुने थियो । केन्द्रको निर्वाचन गरी सत्तामा वहुमत प्राप्त गर्ने अनि स्थानीय निर्वाचन गरी सबै तहमा सत्तामा वहुमत प्राप्त गरी हुने लाभका लागि सपना देखेका राजनीतिक दलहरुले युद्धका बेलामा गरिनु पर्ने तीतो निर्णय गर्न नसक्दा मुलुकको बेहाल भयो र हालको जनप्रतिनिधिविहीन अवस्था भोग्नु परेको हो ।

राजनीतिक दलहरु र नेपाल सरकारले निर्वाचनको लागि तदारुकता नदेखाए पछि स्थानीय निकायका संघ महासंघहरुको केन्दीय समन्वय समितिले विगतमा पटक पटक विभिन्न खालका आन्दोलनहरु गर्ने र सर्वोच्च अदालतमा रिट दायर गरी स्थानीय निकायको निर्वाचनको पक्षमा फैसला गराउने काम गर्दै आएका छन् । नेपाल सरकारका वर्तमान अध्यक्ष सम्माननीय खिलराज रेग्मीज्यूलाई पनि सोही विषय पुनः संस्मरण गराउँदै ज्ञापन पत्र दिने र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीलाई स्थानीय निकायको अवस्था तथा निर्वाचनको अपरिहार्यता बारे गत २०७० श्रावण १ गते आषाढमा एक दिने अन्तरक्रिया कार्यक्रम गरी अन्य सरोकारवालाहरुलाई पनि सहभागि गराई ध्यानाकर्षण गराइएको थियो । वर्तमान सरकारले आगामि आ.व. को वार्षिक बजेटमा निर्वाचन गर्न बजेट छुट्याए पनि निर्वाचनको मिति नतोकिएको सन्दर्भमा तीनवटै संघमहासंघहरुको संयुक्त आह्वानमा गत २०७० श्रावण १६ गते इन्द्रेणी फुडल्याण्डमा विभिन्न महासंघहरु तथा सरोकारवालाहरुसंग अन्तरक्रिया गरी स्थानीय निर्वाचनको मिति तोक्न संयुक्त दवाव दिने उद्देश्यले संयुक्त ज्ञापनपत्र तथा अपिल तयार गरियो ।

नेपालको अन्तरिम संविधान तथा स्थानीय स्वायत्त शासन ऐन २०५५ मा अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था रहनेछन् भनिएका स्थानीय निकायहरु छिन्न र अव्यवस्थित भई ०५४ साल पछि १८ वर्ष पुरा भएका वालिग नेपाली नागरिकहरुले आफ्नो स्थानीय सरकार निर्वाचित गर्ने संवैधानिक मौलिक हक गुमाउनु परेको छ । जनप्रतिनिधि नहुँदा भ्रष्टाचार बढ्ने, स्थानीय निकायको आन्तरिक आम्दानी घट्ने, विकास अस्त व्यस्त हुने र बजेट फ्रिज हुने, स्थानीय तहमा महिला हिंसा लगायतका विभेदकारी घटना र दण्डहीनता झन् झन् बढ्ने, संविधान निर्माण तथा राज्य पुनःसंरचनाका विषयमा जातीय विद्वेश बढ्न गई साम्प्रदायिक सद्भाव बिग्रिने र विभिन्न राजनीतिक दलका स्थानीय कार्यकर्ताहरु निर्वाचित हुन नपाएपछि अवाञ्छित तरिकाले स्थानीय बजेटमा खेल्न खोज्ने र भ्रष्ट हुन सक्ने खतरा बढ्ने जस्ता विषयमा राजनीतिक दल, नेपाल सरकार तथा विभिन्न सरोकारवालाहरुको ध्यानाकर्षण गराई संविधानसभा संगै स्थानीय निकायको निर्वाचन गर्न आह्वान गरिएको छ ।

# UCLG ASPAC Executive Bureau Meeting

**UCLG ASPAC Executive Bureau Meeting** on 17 May and the World Human Rights Cities Forum from 15 to 18 May 2013 in Gwangju, Rep. of Korea. The Bureau discussed and decide the important motions concerning to represent the representatives in UCLG World Executive Bureau and Council. There are 22 representative members in Bureau and 67 in world council from Asia Pacific. One of the amendments, for president and co-president, to be elected either he or she may not be as elected mayor of local governments if there are not other nominees for the said term of UCLG ASPAC, was approved by the bureau. ADDCN is again nominated as executive bureau member in UCLG World for the next term 2013-2016, for which the 4th Congress is going to be held on Rabat, Morocco from 1-4 October, 2013.

On 16th of May, The 3rd Edition of the UCLG triennial Global Report of Decentralization and Local Democracy (GOLD III) was devoted to exploring the situation of the governance of local basic services around the globe. The draft report present eventual progresses, possible setbacks as well as challenges experienced in the different world regions. The draft contents of the chapter dedicated to Asia Pacific were discussed in a special workshop, in conjunction with the UCLG ASPAC Executive Bureau Meeting and the World Human Rights Cities Forum. The workshop had been undertaken with the support of the European Commission and the Cities Development Initiative for Asia. The goal of the event was to ensure that the final text reflects the views and experience of local government in the region. A selected group of experts and practitioners were invited to analyze the accuracy of the findings reflected in the draft, and made recommendations for inclusion in the final text. Aware of our commitment and knowledge in the field of decentralization and basic service provision, the organizers were pleased to invite us, to participate in the workshop.

There was May 18th Uprising Memorial Ceremony in the chief guest ship of president of Republic of Korea in Martyr Memorial Park on 18h May. We had an opportunity to observe the celebration of functions relating to May 18 in the street of Gwangju. Some peculiar songs and foods, in the memory of protestors who were hungry and thirsty during detention of May 18 uprising to have rights and gave up the hegemony of USA, were presented and tested by us and the participants around the globe.

Thus, UCLG ASPAC Executive Bureau Meeting, the World Human Rights Cities Forum and the grand ceremony of May 18th Memorial Day from 15 to 18 May 2013 in Gwangju, Rep. of Korea has added an additional stone of deeper relation with local governments of Korea and Asia and Pacific. There are so many best practices to be learnt with friends and partners on the way of sustainable peace, strengthening of republic with new constitution and restructuring of the state including local governments near future in our country.




## टेलिभिजन कार्यक्रम स्थानीय सरोकार




स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको विहीबार साँझ ५:०५ देखि ५:३० बजेसम्म र शुक्रबार १०:३० देखि १०:५५ बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ ।

***सम्पर्कका लागि***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ईमेल : mdrc100@gmail.com*

जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np